नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

# प्रेस विज्ञप्ति

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा आयोजित नवप्रवर्तनकारी उद्योगीहरुलाई सम्मान गर्ने कार्यक्रममा उद्योग सचिव श्री अर्जुन प्रसाद पोखरेलले नवप्रवर्तनकारी उद्योग सञ्चालन गरिरहेका तीनवटा उद्योगका उद्यमीलाई Innovative Industry Award-2077 ले सम्मान गर्नु भएको छ। सो अवसरमा उहाँले सम्मानित हुने उद्यमीहरुलाइ बधाई तथा शुभकामना दिँदै आगामी दिनमा नवप्रवर्तनकारी उद्यमशिलता मार्फत उत्पादन र उत्पादकत्व वृद्धि र विविधिकरण गरी स्थानीय रोजगारी सिर्जनामा थप योगदानको अपेक्षा गर्नुभयो। मन्त्रालयका सहसचिव श्री बलराम रिज्यालले कार्यक्रमको उद्देश्य र सान्दर्भिकता बारे पार्दै Innovative Industry Award ले नेपालका लघु तथा साना उद्योगीहरुमध्ये नवप्रवर्तन सोचमा आधारित उद्यम गरिरहेका उद्यमीहरुलाई प्रोत्साहित गर्ने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा मन्त्रालयका सिडीकेई डा. चण्डिका प्रसाद भट्टले नवप्रवर्तनमा अन्य मुलुकको अनुभव र अर्थतन्त्रमा योगदानबारे कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यक्रममा मन्त्रालयका उच्च पदाधिकारी, कर्मचारी र उद्यमीहरुको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन उपसचिव शान्ता नेपाल मरासिनीले गर्नु भएको थियो।

सम्मानित हुने उद्योगहरुमा लिफ प्लस प्रा. लि., काठमाण्डौ, नेपाल्ज ह्यान्डीक्राफ्ट ईण्डष्ट्रिज, ललितपुर, र अनुग्रह ह्यान्डीक्राफ्ट, ललितपुर रहेका छन् । लिफ प्लस प्रा. लि. ले खेर गइरहेका सुपारीका पात (Areca Leaves) बाट विभिन्न आकारमा नयाँ डिजाइनका Biodegradable/ Disposable Plate उत्पादन गर्दै आएको छ। सो कम्पनीका प्रतिनिधिले आफ्ना उत्पादनहरु जर्मनी, नेदरल्याण्ड र अष्ट्रेलियामा निर्यात गर्दै आएको उल्लेख गर्नुभयो। नेपाल्ज ह्यान्डीक्राफ्ट ईण्डष्ट्रिजका प्रतिनिधिले अनस्याचुरेटेड पोलिष्टरलाई मुर्तिमा धातुको जलप लगाएर नयाँ तरिकाले विभिन्न आकार र स्वरुपका आकर्षक मुर्तिहरु बनाउने गरेको जानकारी गराउनु भयो। त्यस्तै, अनुग्रह ह्यान्डीक्राफ्टले ढाकाका नयाँ डिजाइनका हातबुना कलात्मक साडी, कुर्ता, सल, टोपी, व्याग, रुमाल लगायतका सामग्रीहरु उत्पादन गर्दै आएको सो कम्पनीका सञ्चालकले बताउनु भयो। उहाँका अनुसार उद्योगले महिला रोजगारी र उद्यमशिलताको विकासमा योगदान पुऱ्याउँदै आएको छ।

कार्यक्रममा समापन मन्तव्य व्यक्त गर्नुहुँदै सचिव पोखरेलले मन्त्रालयले लघु, घरेलु, मझौला तथा ठूला उद्योगहरुलाईसमेत खोज, अनुसन्धान, आविश्कार र नवप्रवर्तनका क्षेत्रमा पुऱ्याएको योगदानका आधारमा सम्मान र प्रोत्साहन गर्ने कार्यमा मन्त्रालयले प्राथमिकता दिएको उल्लेख गर्दै आगामी दिनमा पनि उद्योगीहरुलाई थप सम्मानित र पुरस्कृत गर्दै लगिने बताउनु भएको थियो।

प्रवक्ता ०७८।०८।११